# प्रेस तथा अभिव्यक्ति स्वतन्त्रतामा अंकुश



■ सौर्य समाचार

काठमाडौं । प्रेस तथा नागरिक स्वतन्त्रता सूचकाङ्क, दबाबमा नागरिक समाज, सङ्कुचनमा प्रेस र मिडिया कभरेज अफ नेपाली लेवर माइग्रेन्टस् डिउरिङ कोभिड १९ पेन्डामिक पुस्तक सार्वजनिक भएका छन् । सेन्टर फर मिडिया रिसर्च नेपाल (सिएमआर) ले राजधानीमा आयोजना गरेको एक कार्यक्रममा सार्वजनिक गरिएका यी पुस्तकमा प्रेस, नागरिक स्वतन्त्रता लगायतका विषयमाथि खोज अनुसन्धान गरिएको छ । संघ, प्रदेश र स्थानीय तहमा सञ्चारसम्बन्धी कानुन तथा विधेयक बनाउँदा प्रेस तथा अभिव्यक्ति स्वतन्त्रतालाई अंकुश लगाउने प्रावधान राखिएको अध्ययनले देखाएको छ । अध्ययनमा तीन तहकै सरकारले सञ्चारसम्बन्धी अधिकार संकुचित पार्ने प्रावधान प्रेस तथा अभिव्यक्ति स्वतन्त्रतालाई जुनसुकै बेला अप्ठयारोमा पार्न सक्ने उल्लेख छ ।













**अध्ययनले आप्रवासी श्रमिकसँग जोडिएका विषयलाई नेपाली सञ्चार माध्यमले प्राथमिकताका साथ कभरेज गरेको देखाएको छ**

अध्ययन अनुसार संघीयतापछि संघ र प्रदेशमा १४ वटा नीति पारित भएका छन् । स्थानीय तहमा पनि सञ्चारसम्बन्धी कानुन बनेका छन् । संघमा विज्ञापन नियमन गर्ने ऐन बने पनि सहमति नभएका कारण पारित हुन सकेन । यस्तै, मिडिया काउन्सिलसम्बन्धी विधेयक, सार्वजनिक सेवा प्रसारणसम्बन्धी विधेयक, सूचना प्रविधिसम्बन्धी विधेयक संसदमा पुगे पनि पारित भएनन\ । आमसञ्चार विधेयकको मस्यौदा तयार भए पनि संसदमा पेश हुन सकेन ।

नेपालको संविधान २०७२ मा प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको प्रत्याभूत गरिए पनि अध्ययनमा सञ्चारसम्बन्धी कानुन र विधेयकमा इजाजतपत्र खारेज गर्न सकिने, प्रसारणमा रोक लगाउन सकिने, दर्ता खारेज गर्न सकिने प्रावधानहरु राखिएको उल्लेख छ । यसैगरी, जचाएर मात्र प्रकाशन गर्नुपर्ने, सरकारले निर्देशन दिन सक्ने, सामग्री प्रकाशन तथा प्रसारण गरेको आधारमा सञ्चालक तथा पत्रकारलाई जरिवाना तथा कैद गर्नसक्ने लगायतका प्रावधान पनि राखिएको जनाइएको छ । त्यस्तै, सुविधामा रोक लगाउन सकिने, यन्त्रहरु जफत गर्न सकिने, सिधै नियुक्ति गर्न र हटाउन सकिने, स्वायत्ततामा हस्तक्षेप गर्नसक्ने लगायतका प्रावधान रहेको पनि रिपोर्टमा उल्लेख छ । रिपोर्टमा सञ्चारसम्बन्धी नीति तथा कानुन बनाउँदा सम्बन्धित पक्षसँग व्यापक परामर्श गरिनुपर्ने र संविधानको मर्म र भावनालाई आत्मसात\ गरी बनाउनुपर्ने सुझाव दिइएको छ । प्रेस तथा नागरिक स्वतन्त्रता सूचकांक २०७९ ले सञ्चार, सामाजिक संस्था र सामाजिक कार्यकर्ताको वाक स्वतन्त्रतामा राज्यबाट थोरै हस्तक्षेप रहेको देखाएको छ । केन्द्र सरकार सञ्चारभन्दा सामाजिक संघसंस्थाप्रति अलि बढी अनुदार देखिएको समेत प्रेस तथा नागरिक स्वतन्त्रता सूचकांकमा उल्लेख छ । कार्यक्रममा पत्रकारिताका प्रा. पी.खरेलले संविधानको प्रस्तावनामा पूर्ण प्रेस स्वतन्त्रता उल्लेख गरिएकाले संविधानसँग बाँझिएका प्रावधान निस्क्रिय हुने जिकिर गरे । उनले विदेशमा पनि सरकारले सञ्चार माध्यम चलाएको उदाहरण दिए । उनले नेपालमा सञ्चार विभाजित र पत्रकार राजनीतिक रुपमा आवद्ध भएकाले सरकारले मिडिया चलाउनु पर्ने धारणा राखे ।

प्रेस काउन्सिल नेपालका अध्यक्ष बालकृष्ण बस्नेतले काउन्सिलले प्रेस स्वतन्त्रताको संरक्षण गर्ने भन्दै सरकारले प्रेसलाई प्राथमिकता नदिएको बताए । उनले नेपालमा प्रेसलाई कहाँबाट नियन्त्रण गर्न सकिन्छ भन्ने प्रवृत्ति रहेको उल्लेख गरे । नेपाल पत्रकार महासंघका वरिष्ठ उपाध्यक्ष रमेश विष्टले नेपालमा सरोकारवालासँग परामर्श नगरी आफ्नो अनुकूलका कानुन बनाइएको जिकिर गरे । उनले संविधानको मर्म र भावनासँग बाँझिने गरी कानुन बनाउने प्रवृति जारी रहेकाले त्यसप्रति सचेत हुन जरुरी रहेको धारणा व्यक्त गरे । सञ्चारिका समूहकी अध्यक्ष बिमला तुम्खेवाले राज्यले अंकुश लगाउनेभन्दा प्रेसलाई सहजीकरण गर्ने गरी कानुन बनाउनु पर्नेमा जोड दिइन् । यस्त}, दबाबमा नागिरक समाजसम्बन्धी अध्ययनले नागरिक संस्था, नागरिक समाज र गैरसरकारी संस्थालाई राज्यले संकुचित तरिकाले हेर्ने गरेको उल्लेख छ ।

कार्यक्रममा कोभिड-१९ महामारीका बेला नेपाली आप्रवासी श्रमिकलाई नेपाली सञ्चार माध्यमले गरेको कभरेजसम्बन्धी अध्ययन पनि सार्वजनिक गरियो । अध्ययनले आप्रवासी श्रमिकसँग जोडिएका विषयलाई नेपाली सञ्चार माध्यमले प्राथमिकताका साथ कभरेज गरेको देखाएको छ । यस्तै सञ्चार माध्यम आप्रवासी श्रमिकप्रति सकारात्मक देखिएका थिए । सरकारको भूमिकाबारे नकारात्मक पक्षबाट समाचार धेरै प्रकाशित भएको रिपोर्टमा उल्लेख छ । कार्यक्रममा पिजे क्लबका अध्यक्ष श्रृति श्रेष्ठले सार्वजनिक पुस्तकले नेपालको सञ्चारक्षेत्र, नागरिक स्वतन्त्रता लगायतका विषयलाई बाहिर ल्याएको बताइन् ।

यसैबीच, सिएमआरले बबरमहलस्थित नेपाल आर्ट काउन्सिलमा मिथ्या सूचनासम्बन्धी जानकारीमुलक सामग्रीको प्रदर्शनीसमेत गरेको छ । सिएमआरका अनुसार प्रदर्शनी शनिबार सम्पन्न भएको छ ।

# शेखरका कृतिमाथि परिचर्चा

■ सौर्य समाचार

काठमाडौं । कवि शेखर अर्यालद्वारा लिखित ‘ काकालाई चिठी’ कवितासंग्रह र ‘कलम’ बालकविता संग्रहमाथि परिचर्चा गरिएको छ । अखिल नेपाल लेखक संघको आयोजनामा पुतलीसडकस्थित पद्मोदय माविमा ‘बातलाबा’ को २४औं शृंखलामा कवि अर्यालकृत कृति समीक्षा तथा परिचर्चा गरिएको हो । कार्यक्रममा डा.शेखरकुमार श्रेष्ठले ‘काकालाई चिठी’ संग्रहमा प्रगतिशील विचारका कविताका साथै राजनीतिक, सामाजिक तथा वैदेशिक हस्तक्षेपको विरोध रहेको बताए । उनले न्याय, सञ्चार र देशप्रेमका कविता सशक्त रूपमा आएको जिकिर गरे । उनले भने, ‘तीमध्ये राजनीतिक विषयक्षेत्रका कविता धेरै रहेका छन् । देश प्रजातन्त्रबाट गणतन्त्रमा प्रवेश गरे पनि वास्तविक परिवर्तन नभएको कुरा व्यक्त गरिएको छ । देश विकासका लागि अब अर्को क्रान्ति आवश्यक भएको कुरा कविबाट व्यक्त भएको कुरा कवितामा अभिव्यक्त छ । नेपाली सर्वहारावर्ग अर्काको काम गर्ने दास नबनी आफ्नो उन्नतिको काममा लाग्नुपर्ने भाव कवितामा अभिव्यक्त छन् ।’ समीक्षक श्रेष्ठले कवितामा रीति तथा पद संयोजनले सिर्जना सशक्त हुनुपर्नेप्रति ध्यान दिन आवश्यक रहेको कुरा बताए । त्यस्तै, कलम बालकविता संग्रहमा रहेका कविता बालभावनामा आधारित हुनुका साथै चारपाँच वर्षदेखि एघारबाह्र वर्षको उमेर समूहका बालबालिकाका लागि उपयुक्त कविता रहेको जनाउँदै उनले यी कविताले बालभावना र बालमस्तिष्कको विकासमा सहयोग गर्ने विचार व्यक्त गरे ।




यस्तै, अर्यालका कृतिमाथि समीक्षा गर्दै डा.कौशिला रिसालले ३७ वटा कविता संकलित भएको ‘काकालाई चिठी’ मा संग्रहित कविता समसामयिक परिस्थिति र परिवेशको चित्र कोरिनुका साथै सर्वहारावर्गको आवरण बोलेको विचार व्यक्त गरिन् । उनले संग्रहमा रहेका कविताले अन्यायका विरुद्धमा आवाज उठाएको, वर्गीय विभेदले सिर्जना गरेका सामाजिक विकृति र विसंगतिको पर्दाफास गरिएको, प्रगतिवादी स्वर, आशावादिता, व्यंग्यात्मकता र विद्रोहात्मक शैली अपनाइएको बताइन् । उनले भनिन्, ‘अर्यालका कवितामा राष्ट्रियभाव र राष्ट्रप्रेमको स्वर बुलन्द भएको, भ्रष्टाचारी, घुसखोरी प्रवृत्तिमाथि व्यंग्यसमेत गरिएको छ । आकारगत हिसाबले ठिक्क छोटा कविता छन् ।’ डा. रिसालले कवितामा केही छुटफुट वर्णविन्यासगत कसरमसरबाहेक अन्य कुरामा कसरमसर नरहेको बताइन् ।

परिचर्चा कार्यक्रममा कृतिकार शेखर अर्यालले समीक्षकका सल्लाह सुझाबमोजिम अगाडि बढ्ने विचार व्यक्त गर्दै कार्यक्रममा उपस्थित भई हौसला, प्रेरणा र उत्साह प्रदान गर्ने सबैप्रति आभार व्यक्त गरे । कार्यक्रमको अध्यक्षता गरेका अखिल नेपाल लेखक संघका अध्यक्ष धनप्रसाद सुवेदीले बातलाबामा प्रथम पटक परिचर्चा कार्यक्रम राखी कवि अर्यालका दुई कृतिको परिचर्चा गरिएको बताए । उनले यस शृंखलाबाट नयाँ कार्यक्रमको सुरुवात् भएको बताउँदै यस्तो कार्यक्रम पाण्डुलिपिमा गर्नसके अझ सार्थक रहने धारणा राखे ।

कृति परिचर्चा कार्यक्रममा प्रा.डा राजन पोखरेल, कवि भीमनाथ रेग्मी, कवि टीकाराम उदासी, समालोचक पारस ढकाल, कवि प्रथा, कवि अगिव बनेपाली, जीत अधिकारी, प्रकाश तिवारी, डा.यादेवी सुवेदी, भागवत् भट्टराई, वसन्त अर्याल, ईशान घिमिरे, रेशम अर्याल, निशान घिमिरे, रेसुङ्ग अर्याल, निशान्त अर्याल लगायतका व्यक्तित्वको उपस्थिति रहेको थियो । कार्यक्रममा लेखक राधा कार्की दुलालले समाज सापेक्षित सिर्जना गरेर कवि अर्यालले नेपाली वाङ्मयमा विशिष्ट योगदान दिएको बताइन् ।

# शिव भजन विमोचन

■ सौर्य समाचार

काठमाडौं । डा. बिनु बाबा अर्यालको एकल शब्द, योगेन्द्र उपाध्यायको एकल संगीत र मोहन के. राईको स्वर रहेको शिव भजन संग्रह ‘जीवन मुस्कुराउने छ’ को सार्वजनिक गरिएको छ । कमलादीस्थित नेपाल प्रज्ञा प्रतिष्ठानमा आयोजित कार्यक्रममा उक्त एल्बमको प्रमुख अतिथि गीतकार डा. कृष्णहरि बरालसहित गायिका संगीता राणा प्रधान, गीतकार एसपी कोइराला, गीतकार चुडामणि देवकोटा, संगीतकार राजु सिंह, संगीतकार योगेन्द्र उपाध्याय, गीतकार अर्याल, संगीतकार किरण कँडेल, संगीतकार विष्णु अधिकारी, डश म्युजिकका अध्यक्ष डिबी खनाल लगायतले संयुक्त रुपमा विमोचन गरे ।

आठ वटा भजन संग्रहित एल्बमलाई डश म्युजिकले उत्पादन तथा बजार व्यवस्थापन गरेको हो । एल्बममा समावेश भजनमा विश्व अधिकारी, सुवास जोशी, संगीतकार उपाध्याय र सञ्जिव दर्नालको संगीत संयोजन रहेको छ । सो कार्यक्रममा प्रमुख अतिथि बरालले गीतकार अर्याल प्राध्यापन पेशामा रहँदै विभिन्न पुस्तकसमेत लेखिसकेको स्मरण गर्दै गीतकारका रुपमा पनि आफूले उत्तिकै अब्बल पाएको बताए । भक्तिभावलाई उत्कृष्ट ढंगले शब्दमा उतार्न सफल भएको भन्दै उनले एल्बममा समावेश गीतले भगवानप्रतिको महिमा थप बढाउने विश्वास व्यक्त गरे । यस्तै १२ वर्ष पहिले नै भक्ति संगीत प्रतियोगितामा प्रथम भएर सांगीतिक क्षेत्रमा आएका योगेन्द्रले अर्यालका शब्दमा प्राण भरेको उनको भनाइ छ । उनले योगेन्द्रमा संगीतको सैद्धान्तिक र व्यवहारिक दुवै ज्ञान भएको कारण पनि एल्बममा समावेश गीत उत्कृष्ट बनेको जिकिर गरे ।

यस्तै, संगीतकार संघका अध्यक्ष चेतन सापकोटाले आफूले भगवानमा आस्था नराख्ने भए पनि यो एल्बममा समावेश गीत सुन्दा भगवानप्रतिको आस्था जागेको बताए । एउटा स्रष्टाका लागि सबैभन्दा ठुलो उपलब्धी यही भएको भन्दै उनले योगेन्द्र संगीतकार संघका लागि गौरव रहेको उल्लेख गरे । कार्यक्रममा गीतकार अर्यालले आफू पहिलेदेखि नै शिवभक्तिमा रहेको सुनाउँदै आफ्ना भजनबारे प्रकाश पारेकी थिइन् । संगीतकार उपाध्यायले आफ्ना कृतिहरुलाई दस्तावेजीकरण गर्न अर्यालसँगको सहकार्यमा एल्बम तयार पारेको बताए । उनले आफूले शब्दको भावअनुसार संगीत सिर्जना गर्ने कोसिस गरेको सुनाए ।


**Diprung Chuichumma Rural Muncipality**
**Office of Rural Municipal Execcutive**
**Yangsolatar, Khotang**
**Province No. 1, Nepal**

## Invitation for Bids

**First Date of publication: 2079/09/17 (01 January, 2022)**

1. Diprung Chuichumma Rural Municipality invites electronic bids from eligible domestic bidders for the contracts named below:

| S.N. | Contract Identification Number | Work Description/ Name of Project | Minimum Average Annual Construction Turnover of best 3yrs within last 10 yrs. (NRs) | Experience of similar size and nature (completed at least 1 contract within last 10yrs (NRs) | Bid Security Amount (NRs.) | Bid Security Validity Period | Bid Document Fee (NRs.) |
|---|---|---|---|---|---|---|---|
| 1 | DCRM/WORKS/ NCB-07/2079/080 | Bimansthal Dekhi Di. Chu. Ga. Pa. 1 Yamkha (Tatkalin Yamkha Ga. Bi. Sa.) Samma Sadak Kalopatra) Kalopatre Sadak | NPR 55.9 million (excluding VAT) | NPR 16 million (excluding VAT) | 12,00,000 | 120 days | 5000 |

1. Eligible Bidders may obtain further information and inspect the bidding documents at the office of Diprung Rural Municipality, Office of Rural Municipal Executive, Yangsolatar, Khotang or may visit PPMO website www.bolpatra.gov.np/egp.
2. Bidder must submit their bid electronically may download the bidding documents PPMO's Web Site www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost (as specified above) of bidding document in the account as specified below and the scanned copy (pdf format) of the bank bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of bids.
   Name of Bank: Sanima Bank, Diprung Branch
   A/C No.: 071010040000014 (Diprung Chui. Ga. Pa. Antarik Rajawa Khata) for bid document fee.
   A/C No: 071010040000020 (Diprung Chui. Ga. Pa. Dharauti Khata) for bid security fee.
   Office Code No: 365000807
3. Electronic bids must be submitted through PPMO website www.bolpatra.gov.np/egp before 12:00 PM on 2079/10/17. The bids will be opened in the presence of Bidders' representatives (if attended) who choose to attend at 2079/10/17 at 1:00 pm at the office of Diprung Chuichumma Rural Municipality, Office of Rural Municipal Executive, Yangsolatar, Khotang.
4. If the last date of purchasing /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

**Chief Administrative Officer**